गजुरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गजुरी,धादिङ
३ नं प्रदेश,नेपाल

## पटके सबारी कर तथा विज्ञापन कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५ । ०७ । १८**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(१) र यस गाउँपालिकाकको चालु आ.व २०७५/०७६ को आर्थिक ऐनको दफा १४ सगं सम्बीन्ध अनुसुची ११ र गजुरी गाउँपालिकाको मिति २०७५/०७/१२ को निर्णय अनुसार, यस गजुरी गाउँपालिकाको चालु आ.व २०७५/०७६ को बाँकी अवधिको लागि गाउँपालिका क्षेत्र भित्र विभिन्न विषयमा हुने **विज्ञापन सम्बन्धी कर** तथा क्षेत्र भित्र तपसिलका स्थानहरुबाट **पटके सवारी कर** संकलनको लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको ले इच्छुक व्यक्ति,फर्म वा कम्पनीवाट निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र आहवान गरिएको सम्बन्धित सबैको जांनकारीका लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं | ठेक्का नं | विवरण | न्यूनतम अंक मू.अ कर बाहेक | दरभाउपत्र फाराम दस्तुर | कैपि |
|---|---|---|---|---|---|
| १ | २/२०७५/०७६ | **पटके सबारी कर संकलन हुने स्थान**<br>क) आदमघाट लामाचिरा सडक<br>ख) मलेखु महादेवस्थान सडक<br>ग) घाटबेसी मानेभन्ज्याङ सडक<br>घ) रामबजार भदौरे हटिया सडक<br>ङ) चालिसे बेलभन्ज्याङ सडक | <br>१,००,०००।-(एक लाख)<br>१,००,०००।-(एक लाख)<br>२०,०००।- (विस हजार)<br>३०,०००।-(तिस हजार)<br>२१,०००।-(एकाइस हजार) | १०००।- | |
| २ | ३/२०७५/०७६ | **विज्ञापन सम्बन्धी कर संकलन**<br>क) गाउँपालिका क्षेत्र भित्र विभिन्न विषयमा हुने विज्ञापन सम्बन्धी कर | १,५०,०००।-(एक लाख पचास हजार) | १०००।- | |

**शर्तहरु**

१.दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले ७ दिन भित्र कार्यालय समय भित्र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लिमिटेड धादिङ वेशी शाखामा रहेको संचितकोष खाता नं १०३०३०४०१८१०७ मा फारम दस्तुर वापत जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि वा यस कार्यालयमा राजश्व केन्द्रमा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२. ८ औ दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ । सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्रहरु खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।

३.दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लिमिटेड धादिङ वेशी शाखामा रहेको १०३०३०३००७१०७ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलबन्दी दरभाउपत्र संलग्न हुनुपर्ने छ ।

४.प्रचलित कानून बमोजिम लाग्ने कर तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।

५.तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाईने छैन ।

६.सरकारी,कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट कर उठाउन पाईने छैन ।

७.कुल कबोल अकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% रकम सम्झौता हुनुअगावै र बाँकी ५०% चैत मसान्तभित्र बुझाउनुपर्ने छ ।

८.प्रथम किस्ता वापतको रकम यस कार्यालयको संचित कोषमा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ । ठक्का सदर भएको ब्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।

९.दरभाउपत्र स्वीकृत भइ सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा,माफी दिईने छैन । शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ ।

## तोकिएको पटके सवारी साधन कर सम्बन्धी दर ।

| सि.नं | विवरण | इकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | हलुका सवारी साधन (साना) | प्रति गोटा प्रति पटक | ३०.०० |
| २ | आइचर,निशान ट्रक,ट्रिपर(मझौला) | प्रति गोटा प्रति पटक | ६०.०० |
| ३ | ठुला सवारी साधन वस,ट्रक,ट्रिपर,हेवी इक्युपमेन्ट | प्रति गोटा प्रति पटक | १००.०० |

गजुरी गाउँपालिका गाउँपालिकाको कार्यालय गजुरी, धादिङ ३ नं. प्रदेश नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत